السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

# प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, दोहाले बुद्ध पूर्णिमाको अवसरमा राजदूतावासको सभाहलमा आज एक कार्यक्रमको आयोजना गरेको छ। नेपालको राष्ट्रिय गान बजाएर सुरुवात गरिएको सो कार्यक्रममा नेपाली राजदूतावास, दोहाका कार्यवाहक राजदूत श्री कुमार राई र गैरआवासीय नेपाली महासंघ, राष्ट्रिय समन्वय परिषद्, कतारका अध्यक्ष श्री कृष्ण पन्थीले संयुक्त रूपमा दीप प्रज्ज्वलन र भगवान बुद्धको प्रतिमामा पुष्प अर्पण गर्नुभएपछि कार्यक्रममा उपस्थित सबैले आ-आफ्नो शैलीमा भगवान बुद्धप्रति आदरभाव प्रकट गर्नुभएको थियो।

कार्यक्रममा लामा गुरु श्री राकेश लो तामाङले भगवान गौतम बुद्धको प्रतिमामा पुष्प अर्पण गर्दै मन्त्र वाचन गर्नुभएको थियो। जीवन विज्ञान, कतारकी महिला उपाध्यक्ष एवम् योग साधिका श्रीमती श्रद्धा कटुवालले सो अवसरमा आफ्नो मन्तव्य राख्दै ध्यान भनेको मानसिक स्नान हो भनी उल्लेख गर्नुभएको थियो। नेपाली महिला समाज, कतारकी अध्यक्ष श्रीमती लोकमाया के.सी.ले बुद्ध पूर्णिमाको बारेमा शुभकामना मन्तव्य राख्नुभएको थियो। सो पश्चात् नेपाल आदिवासी जनजाति महासंघ, कतारका अध्यक्ष श्री राकेश श्रेष्ठले चार आर्यसत्यका बारेमा बोल्नुभएको थियो। त्यसैगरी गैरआवासीय नेपाली महासंघ, राष्ट्रिय समन्वय परिषद्, कतारका अध्यक्ष श्री कृष्ण पन्थीले बुद्धका सारगर्भित भनाइहरूको चर्चा गर्नुभएको थियो। त्यस्तै गैरआवासीय नेपाली महासंघ, अन्तराष्ट्रिय समन्वय परिषद्, कतारका उपमहासचिव श्री मुक्तदा मुसलमानले भगवान बुद्ध र बुद्ध पूर्णिमाको चर्चा गर्दै बुद्धसँग सम्बन्धित नेपालका ठाउँहरूको पर्यटकीय महत्वका बारेमा बोल्नुभएको थियो।

कार्यक्रमको समापन गर्दै कार्यवाहक राजदूत श्री कुमार राईले बुद्धको अष्टांगिक मार्ग तथा शिलको चर्चा गर्दै भौतिक शुद्धि सँगसँगै मानसिक शुद्धिको आवश्यकता दर्शाई भगवान बुद्धले देखाउनु भएको पथमा अग्रसर रहन प्रेरित गर्दै कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो। गैरआवासीय नेपाली महासंघ, राष्ट्रिय समन्वय परिषद्, कतारको सह आयोजनामा राजदूतावासका सहचारी श्री शोभाखर बरालद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रममा कतारमा बसोबास गर्ने एक सय भन्दा बढी नेपालीहरू र राजदूतावास परिवारको उपस्थिति रहेको थियो।

**२०८३ वैशाख १८**
**नेपाली राजदूतावास**
**दोहा, कतार**

नेपाली राजदूतावास
दोहा

Phone: +974 44675681/83, Fax: +974 44675680, PO.Box No. 23002, Doha, Qatar
Website: www.qa.nepalembassy.gov.np, E-mail: eondoha@mofa.gov.np